नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन गरी कारवाही सम्बन्धी विवरण

यस विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरबाट मिति २०८३/०३/१९ गते श्री गृह, संचार तथा कानून मन्त्रालय, मधेश प्रदेशका मा. मन्त्री श्री फकिरा महतोज्यूको नेतृत्व सहितको संयुक्त अनुगमन टोलीले विभिन्न खाद्यान्न पसल तथा होटेलहरुको अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिल उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागी यो विवरण जारी गरिन्छ।

| क्र.स. | खाद्य व्यवसायको नाम | अनुगमन गर्दाको अवस्था | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | पुरानो नवरंग होटल, जनकर, उप. म. ना.-२, धनुषा | • काँचो तथा पकाइएका खाद्य पदार्थहरू एउटै स्थानमा भण्डारण गरेर राखिएको<br>• म्याद समाप्त भएका खाद्य पदार्थहरू (juice) बिक्री वितरणका लागि राखिएको<br>• पिसेर भण्डारण गरिएको तोरी (Mustard) अत्याधिक दुर्गन्धित भई मानव उपभोगका लागि अनुपयुक्त अवस्थामा रहेको पाइएको<br>• खाद्य पदार्थहरू छोपेर नराखिएको, माछाजन्य परिकारहरूबाट दुर्गन्ध आएको, सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • अनुगमनमा कैफियत देखिएकाले जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीबाट उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. ४०,०००/- (अक्षरोपी चालीस हजार रुपैयाँ) जरिवाना भएको<br>• उपयुक्त कैफियतहरु यथाशिघ्र सुधार गर्न निर्देशन दिइएको। |
| २. | न्यु सिटी नवरंग होटल जनकपुर, उप. न. पा.-२, धनुषा | • पकाएको खाद्य पदार्थहरू खुला अवस्थामा राखिएको<br>• रेफ्रिजेरेटरको अवस्था जीर्ण तथा मर्मत नगरेको अवस्थामा पाइएको | • अनुगमनमा कैफियत देखिएकाले जिल्ला प्रशासन कार्यालय, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीबाट उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. ४०,०००/- (अक्षरेपी चालीस हजार रुपैयाँ) जरिवाना गरिएको |

| | | | |
|---|---|---|---|
| | | • खाद्य पदार्थको अत्यधिक मात्रामा कृत्रिम रङ्गको प्रयोग भएको पाइएको<br>• बिल-बिजक सम्बन्धी अभिलेख दुरुस्त नरहेको पाइएको, भान्साको सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • उपयुक्त कैफियत यथाशीघ्र सुधार गर्न निर्देशन दिइएको। |
| ३. | जय श्री सीताराम भोजनालय, जनकपुर, उप. न. पा,-२, धनुषा | • पकाएको खाद्य पदार्थहरू खुला अवस्थामा राखिएको<br>• जेरीमा अत्याधिक मात्रामा कृत्रिम रङ्गको प्रयोग भएको पाइएको<br>• Hydro को प्रयोग गरेको पाइएको र बिल बिजक सम्बन्धी अभिलेख दुरुस्त नरहेको पाइएको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • अनुगमनमा कैफियत देखिएकाले जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीबाट उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. २५,०००/- (अक्षरेपी पच्चीस हजार रुपैयाँ) जरिवाना गरी अनुगमन टोलीबाट उल्लिखित सबै कैफियतहरू यथाशीघ्र सुधार गर्न निर्देशन दिइएको। |
| ४. | होटल वेल कम जनकपुधाम उपनगरपालिका-२, धनुषा जिल्ला | • प्लाष्टिकको चपिङ्ग बोर्डको प्रयोग भएको पाइएको<br>• शाकाहारी र मांसाहारी खाद्य पदार्थ अलग अलग राख्ने व्यवस्था नरहेको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • प्लाष्टिकको चपिङ्ग बोर्डकोको साटो काठको चपिङ्ग बोर्डको प्रयोग गर्न आदेश दिइएको<br>• शाकाहारी र मांसाहारी खाद्य पदार्थ अलग अलग राख्न निर्देशन दिइएको। |
| ५. | सीता शरण होटल जनकपुधाम उपनगरपालिका-२, धनुषा जिल्ला | • म्याद समाप्त भएका खाद्य पदार्थहरू (सूजी तथा काजु) पाइएको<br>• लेबल नरहेको दुग्धजन्य खाद्य पदार्थहरू बिक्री वितरणका लागि राखिएको<br>• होटलको भान्सा संचालनमा नरहेको। | • म्याद समाप्त भएका खाद्य पदार्थहरू (सूजी तथा काजु) अनुगमन स्थलमै जफत गरी नष्ट गरिएको। |
| ६. | हंस राज डेरी उद्योग जनकपुधाम उपनगरपालिका-६, धनुषा जिल्ला | • तेल/घ्यूको गुणस्तर परीक्षणका क्रममा TPM को मात्रा प्रचलित मापदण्ड भन्दा बढी पाइएको<br>• प्रिन्ट गरिएको पत्रिकामा मिठाई राखिएको<br>• बिल बिजक सम्बन्धी अभिलेखहरू दुरुस्त नरहेको | • TPM बढी भएका करिब १० लिटर (करिब रु. १०,०००/- बराबरका) तेल/घ्यू नष्ट गरिएको<br>• अनुगमनमा कैफियत देखिएकाले जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीबाट उपभोक्ता |

| | | | |
|---|---|---|---|
| | | • उद्योगको सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | संरक्षण ऐन, २०७५ बमोजिम रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) जरिवाना गरिएको । |
| ७. | होटल रामा प्रा. लि. जनकपुर, उप. म. न.- ०१, धनुषा | • खाद्य पदार्थको भण्डारण तथा बिक्री वितरणमा First In, First Out (FIFO) प्रणाली अनिवार्य रूपमा अवलम्बन नगरिएको<br>• भान्साको सरसफाइ सन्तोषजनक नरहेको। | • अनुगमन टोलीबाट होटल सञ्चालकलाई भान्साको सरसफाइ तथा खाद्य स्वच्छतामा विशेष ध्यान दिन, प्रचलित खाद्य स्वच्छता एवं उपभोक्ता संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्न निर्देशन दिइएको। |
| ८. | राजु होटल एण्ड गेष्ट हाउस<br>जनकपुर, उप. म. ना.- ०२, धनुषा | • अखाद्य रङ्गको प्रयोग गरिएको<br>• शौचालय र खाना पकाउने ठाउँ नजिकै रहेको<br>• खाना पकाउन प्रयोग गरिएको तेलको TPM २८.५% भई मापदण्ड प्रतिकूल रहेको पाइएको<br>• खाद्य पदार्थ खरिद बिक्री गरेको बिल बिजक उपलब्ध नभएको<br>• होटलको भान्साको सरसफाइको अवस्था अत्यन्तै कमजोर रहेको। | • TPM २८.५% रहेको तेल जफत गरी नष्ट गरिएको<br>• अनुगमनका क्रममा कैफियतहरू देखिएकाले उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीज्यूबाट रु. ४०,०००/- (रुपैयाँ चालिस हजार मात्र) जरिवाना गरी सबै कैफियतहरू तत्काल सुधार गर्न निर्देशन दिइएको। |
| ९. | होटल मानकी इन्टरनेशनल प्रा.लि. जनकपुर, उप. म. ना.- ०२, धनुषा | • खाद्य पदार्थको भण्डारण तथा बिक्री वितरणमा First In, First Out (FIFO) प्रणालीको अनिवार्य रूपमा अवलम्बन नगरेको<br>• भान्साको सरसफाइ सन्तोषजनक नरहेको<br>• होटलको भान्सा संचालनमा नरहेको। | • देखिएका कैफियत सुधार गरी खाद्य स्वच्छता एवं उपभोक्ता संरक्षण सम्बन्धी कानुनी व्यवस्थाको पूर्ण पालना गर्न निर्देशन दिइएको। |
| **अनुगमन गरीएको खाद्य व्यवसाय संख्याः नौ (९) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२२

<u>अनुगमनका केहि झलकहरू</u>






